# Asian Productivity Organization
# "The APO in the News"

Name of publication: Gorkhapatra daily (28 February 2017, Nepal)
Page: http://www.gorkhapatraonline.com/news/36791

## अन्तर्राष्ट्रिय जनशक्ति भित्र्याउने तयारीमा जापान

**जुनारबाबु बस्नेत/केदार भट्टराई**

टोकियो (जापान), फागुन १७ गते । श्रम बजारमा रहेको अभाव पूर्ति गर्न जापानले अन्तर्राष्ट्रिय जनशक्ति ल्याउने गरी आप्रवासी कानुनमा प्रक्रियागत सुधारको तयारी गरेको छ । जापानको जनसङ्ख्या वृद्धिदर ऋणात्मक रहेको र वृद्धवृद्धाको सङ्ख्या बढी रहेका कारण त्यसबाट जापानी अर्थतन्त्रमा नकारात्मक प्रभाव पर्न सक्ने भएकाले अन्तर्राष्ट्रिय श्रम बजारबाट त्यसको अभाव पूर्ति गर्न लागेको हो । सन् २०१७ मा जापानको जनसङ्ख्या वृद्धिदर –०.१२ प्रतिशत रहने प्रक्षेपण गरिएको छ ।

नेसनल ग्राजुएट इन्स्टिच्युट फर पोलिसी स्टडिजका उपाध्यक्ष तथा जापान सरकारको मन्त्रिपरिषद्का विशेष सल्लाहकार प्राडा आत्सुसी सुनामीले त्यसका लागि भिसा प्रणालीमा परिवर्तन गरेर प्रतिस्पर्धी मानिसलाई ल्याउने तयारी सरकारले गरेको जानकारी दिनुभयो ।

एसियाली उत्पादकत्व सङ्गठन (एपीओ) को आयोजनामा भएको एसियाली देशका सञ्चारकर्मीहरूको अध्ययन भ्रमणका क्रममा विशेष कार्यपत्र प्रस्तुत गर्दै उहाँले विद्यार्थी र दक्ष कामदार ल्याउन प्रक्रियागत सरलीकरण गर्दा आइपर्ने समस्या र सम्भावनाबारे अन्तरमन्त्रालय अध्ययन भइरहेको उल्लेख गर्नुभयो । उहाँका अनुसार त्यसका लागि न्याय मन्त्रालय, सांसदहरू र अध्यागमन कार्यालयका बीच परामर्श भइरहेको छ ।

उहाँले जापानले सन् २०२० मा आयोजना गर्न लागेको ओलम्पिक खेलको पूर्वाधार निर्माणलाई समेत ध्यानमा राख्दै विद्यार्थी र कामदारको आगमनमा सरलीकरण गर्न लागेको स्पष्ट गर्नुभयो । त्यसका लागि उहाँले इन्जिनियरिङ क्षेत्रमा दक्ष कामदारलाई जापानले प्राथमिकता दिने स्पष्ट गर्नुभयो ।

जापानले अहिले सोसाइटी ५.० को विकासको अवधारणा अनुसार नयाँ पद्धतिमा जाने तयारी गरिरहेको छ । त्यसको अवधारणा जी–७ को बैठकमा प्रस्तुत गर्ने गरी मन्त्रिपरिषद्ले काम गरिरहेको प्राडा सुनामीले बताउनुभयो । यो जापानको सन् २०२० सम्मको रणनीतिक योजना पनि हुने छ ।

सोसाइटी ५.० अनुसार समाजको रूपान्तरण उच्च प्राविधिक व्यवस्था रहेको छ । त्यसका लागि अनुसन्धान र विकासका नवीनतम कार्य भइरहेका छन् । यसले जापानको समग्र उत्पादकत्व अरू बढ्ने विश्वास गरिएको छ । उहाँले भन्नुभयो,

'हामीले पुरानो प्रविधिबाट विकासको सफलता चुमेका छौँ । अब नयाँ चरणमा नयाँ प्रविधिबाट पनि विकासमा लाग्नै पर्छ ।'

समृद्धिको नयाँ चरणमा जान समावेशी विकासका लागि पनि जापानले विश्व श्रम बजारबाट दक्ष कामदार ल्याउनैपर्छ भन्नेमा आफू लागिपरेको उहाँले स्पष्ट गर्नुभयो । अन्तर्राष्ट्रिय श्रम बजारबाट जनशक्ति ल्याउने काम कहिलेसम्म खुला हुन्छ भन्ने प्रश्नमा उहाँले आफू प्रधानमन्त्री नभएको बताउँदै तर श्रम बजार खुला नगरी जापानले अरू विकास गर्न सक्दैन भन्नेमा आफू र आफ्नो समूह स्पष्ट रहेको र त्यसैअनुसार गृहकार्य अगाडि बढाइरहेको बताउनुभयो ।

सन् २०१६ मा मात्र साढे चार लाख आप्रवासी प्रवेश गरी काम गरिरहे पनि जनशक्ति ल्याउनकै लागि आप्रवासी कानुन भने नरहेको जानकारहरू बताउँछन् । आधिकारिक तथ्याङ्क नरहे पनि जापानमा अहिले ६० हजारभन्दा बढी नेपाली कुनै न कुनै तवरमा काम गरिरहेका छन् । खासगरी अर्थतन्त्रको सेवा क्षेत्रमा नेपालीको सफलता क्रमशः अगाडि बढिरहेको गैरआवासीय नेपाली सङ्घ अन्तर्राष्ट्रिय समन्वय समितिका सदस्य भूषण घिमिरेले बताउनुभयो । 'आप्रवासी कानुनलाई सरलीकरण गर्दा त्यसबाट नेपाली पनि लाभान्वित हुनेछन्,' उहाँले भन्नुभयो ।

सन् १९६० को दशकमा दोहारो आर्थिक वृद्धिले विश्वमा चामत्कारिक विकासको गति पक्रिएको जापानमा सन् १९९० को दशकदेखि विस्तारै सुस्त हुँदै गएको हो । विश्व अर्थतन्त्रमा अमेरिकापछि दोस्रो रहेको जापानलाई चीनले केही वर्षअघि उछिनेपछि आर्थिक विकासको नयाँ कार्ययोजनाले प्रमुखता पायो ।

तेस्रो उत्कृष्ट स्थानमा रहेको जापानलाई सर्वोत्कृष्ट स्थानमा पु¥याउन प्रधानमन्त्री सिन्जो आबेले विशेष कार्यक्रम ल्याउनु भएको छ । 'आबेनोमिक्स' नाम दिइएको आर्थिक कार्यसूचीमा सन् २०२० सम्ममा कुल गार्हस्थ उत्पादन २० प्रतिशतले वृद्धि गरी न्यूनतम ६०० ट्रिलियन जापानी येन पु¥याउने लक्ष्य राखेको छ ।

जापानले विकासका लागि पुरानो प्रविधिलाई त्यागेर नयाँ डिजिटल र साइबर प्रविधिमा एकै पटक नजाने योजना बनाएको छ । टोयोटा र होन्डाजस्ता प्रसिद्ध कार उत्पादक कम्पनीमा पनि सल्लाहकारका रूपमा कार्यरत प्राडा सुनामीले विश्व बजारमा उत्कृष्ट हिस्सा रहेका कार उत्पादक जापानी कम्पनीहरूले पूर्णतः चालक विस्थापित हुने गरी स्वचालित उत्पादनमा फड्को नमार्ने बताउनुभयो ।

बरु एउटा ड्राइभरले एकभन्दा बढी ट्रक वा गाडी चलाउनसक्ने गरी त्यस अनुसारको प्रविधिको विकासमा लाग्ने योजना गाडी उत्पादक कम्पनीहरूले गर्दै रहेको बताउनुभयो ।